# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७ ] काठमाडौं, आश्विन ११ गते २०२४ साल [ अतिरिक्ताङ्क २७


### श्री ५ को सरकार

### कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२४ सालको ऐन नं. १४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## मुलुकी ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– मुलुकी ऐन, २०१९ (यसपछि मूल ऐन भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम मुलुकी ऐन, (दोस्रो संशोधन) ऐन, २०२४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल ऐनको खोटा चलनको महलमा संशोधनः– मूल ऐनको खोटा चलनको महलको ११ नं. ।। ।। मा रहेको "पाँच तोलाको एक कनुवा" भन्ने वाक्यांशको सट्टा "साढे चार तोलाको एक कनुवा" भन्ने वाक्यांश राखिएको छ।

लालमोहर सदर मिति २०२४।६।११।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको का. मु. सचिव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२४ सालको ऐन नं. १५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

केही नेपाल कानूनमा संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– केही नेपाल कानूनमा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "नेपाल कानून (संशोधन) ऐन, २०२४" रहेको छ ।

(२) यो ऐनको दफा १, २ र ४ तुरुन्त र अरू दफा वा त्यसका अंश श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. स्थानीय प्रशासन ऐनमा संशोधनः– स्थानीय प्रशासन ऐन, २०२२ को दफा १ पछि देहायको दफा १. क. थपिएको छः–

१. क. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा अञ्चलाधीश भन्नाले मुख्य अञ्चलाधीश पनि सम्झनु पर्छ ।

४२८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. केही नेपाल ऐनहरूमा संशोधन:– अनुसूचीमा लेखिएका नेपाल ऐनहरूमा सोही अनुसूचीमा लेखिएबमोजिम संशोधन गरिएको छ ।

४. रूपान्तर:– प्रचलित नेपाल कानूनमा प्रयोग भएका निम्नलिखित शब्दहरूको सट्टा निम्नलिखित शब्दहरू राखिएका छन्:–

(१) "एटर्नी जनरल" को सट्टा "महान्यायाधिवक्ता"
(२) "गजेट" को सट्टा "राजपत्र"
(३) "रिपोर्ट" को सट्टा "प्रतिवेदन"
(४) "समन" को सट्टा "समाह्वान"
(५) "जेल" को सट्टा "कारागार"
(६) "पास" को सट्टा "पारित"
(७) "डिग्री" को सट्टा "आज्ञप्ति"
(८) "अपील" को सट्टा "पुनरावेदन"
(९) "कोर्ट मार्शल" को सट्टा "सैनिक अदालत"
(१०) "रिभ्यू" को सट्टा "पुनरावलोकन"
(११) "अफिस" को सट्टा "कार्यालय"
(१२) "गजेटेड्" को सट्टा "राजपत्राङ्कित"
(१३) "अफिसर" को सट्टा "अधिकृत"
(१४) "पुलिस" को सट्टा "प्रहरी"
(१५) "कमान" को सट्टा "शासन"
(१६) "ब्याचलर्स डिग्री" को सट्टा "स्नातकोपाधि"
(१७) "पेन्सन" को सट्टा "निवृत्तभरण"
(१८) "नन्गजेटेड्" को सट्टा "राजपत्र अनङ्कित"

## अनुसूची

(दफा ३ सम्बन्धित)

| क्रम संख्या | नेपाल ऐनहरू | संशोधनहरू |
| --- | --- | --- |
| १. | स्थानीय प्रशासन ऐन, २०२२ | (१) दफा ३ को उप-दफा (१) मा रहेको "श्री ५ को सरकारद्वारा नियुक्त" भन्ने शब्दहरू झिकिएको छ । |
| | | (२) दफा ३ को उप-दफा (२) को खण्ड (ग) मा रहेको "अञ्चल पञ्चायत" भन्ने शब्दको |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सट्टा "अञ्चल सभा" भन्ने शब्द राखिएको छ ।

२. गाउं पञ्चायत ऐन, २०१८

(१) दफा २० को खण्ड (ञ) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "दफाका देहाय" भन्ने शब्दको सट्टा "खण्ड" भन्ने शब्द राखी त्यसपछि देहायको खण्ड (ट) थपिएको छ–

(ट) नेपाल मजदूर संगठन, नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन र नेपाल भूतपूर्व सैनिक संगठन मध्ये कुनै संगठनको कुनै तहको सदस्य नभएको ।

(२) दफा २१ को उप-दफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "र जिल्ला पञ्चायतको निर्णय उपर अञ्चल पञ्चायतमा अपील लाग्नेछ, अपील नपरेकोमा जिल्ला पञ्चायतको र अपील परेकोमा अञ्चल पञ्चायतको निर्णय अन्तिम हुनेछ" भन्ने वाक्यहरूको सट्टा "र यस सम्बन्धमा जिल्ला पञ्चायतबाट भएको निर्णय अन्तिम हुनेछ" भन्ने वाक्य राखिएको छ ।

३. नगर पञ्चायत ऐन, २०१९

(१) दफा ५ को खण्ड (ज) को आखिरमा "वा" शब्द थपी त्यसपछि देहायको खण्ड (झ) थपिएको छ–

(झ) नेपाल मजदूर संगठन, नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन र नेपाल भूतपूर्व सैनिक संगठन मध्ये कुनै संगठनको कुनै तहको सदस्य नभएको ।

४. जिल्ला पञ्चायत ऐन, २०१९

(१) दफा ९ को खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छ–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) नेपाल किसान संगठन, नेपाल मजदूर संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन र नेपाल भूतपूर्व सैनिक संगठन मध्ये कुनै संगठनको कुनै तहको सदस्य नभएको ।

(२) दफा १६ को उप-दफा (३) मा "अञ्चल पञ्चायत" भन्ने शब्दहरू उल्लेख भएका ठाउंहरूमा सो शब्दहरूको सट्टा "जिल्ला सभा" भन्ने शब्दहरू राखिएको छ ।

(३) दफा २१ मा रहेको "अञ्चल पञ्चायतको सभापति" भन्ने शब्दहरूको सट्टा "अञ्चल समितिको सभापति" भन्ने शब्दहरू राखिएको छ ।

(४) दफा ३३ को उप-दफा (२) को खण्ड (क) मा रहेको "र अञ्चल पञ्चायत" भन्ने शब्दहरू झिकिएको छ ।

(५) दफा ४० को उप-दफा (१) मा रहेको "अञ्चल पञ्चायत" भन्ने शब्दहरूको सट्टा "अञ्चल समिति" भन्ने शब्दहरू राखिएको छ ।

लालमोहर सदर मिति २०२४।६।११।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको का. मु. सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२४ सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

सरकारी मुद्दा सम्बन्धी ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "सरकारी मुद्दा सम्बन्धी (चौथो संशोधन) ऐन, २०२४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ३ मा संशोधनः– मूल ऐनको दफा ३ को उप–दफा (२) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा निम्नलिखित प्रतिबन्धात्मक वाक्यांश राखिएको छः–

तर–

(क) गाउँ पञ्चायतको इलाकाभित्रको मौका तहकिकात वा सरजमीन गर्न जानु अगावै सम्बन्धित प्रहरी कर्मचारीले सम्बन्धित सरकारी अभियोक्तालाई जनाउ दिनेछ र सम्बन्धित सरकारी अभियोक्ताले त्यस्तो

५६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मौका तहकिकात वा सरजमीनका सम्बन्धमा आवश्यक निर्देश दिन वा आवश्यक सम्झेमा स्वयं उपस्थित भई सञ्चालन गर्न सक्नेछ,

(ख) सम्बन्धित गाउँ पञ्चायतलाई सूचना दिंदा पनि प्रधान पञ्च र उप–प्रधान पञ्च दुबै नभएको वा अनुपस्थित रहेका अवस्थामा सम्बन्धित प्रहरी कर्मचारीको साथ सरकारी अभियोक्ताले मौका तहकिकात वा सरजमीन गर्नेछन् ।

३. मूल ऐनको दफा ४ मा संशोधनः– मूल ऐनको दफा ४ को सट्टा निम्नलिखित दफा ४ राखिएको छः–

४. देवानी मुद्दाको जाँचबुझ र दायरीः– (१) अनुसूची २ मा लेखिएको मुद्दा चलाउन चाहने व्यक्तिले त्यस्तो मुद्दाको विषयमा आफूसंग भएको वा आफूले देखे जानेसम्मको सबूद प्रमाण खुलाई श्री ५ को सरकारबाट यस सम्बन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको अधिकृतलाई लिखित दर्खास्त वा मौखिक खबर दिनुपर्छ । मौखिक खबर दिएकोमा सम्बन्धित अधिकृतले त्यस्तो व्यक्तिको कुरा दर्खास्तको रूपमा लेखी निजको सहिछाप गराई लिनुपर्छ ।

(२) उप–दफा (१) बमोजिम आफू कहाँ पर्न आएको दर्खास्त बारे सम्बन्धित अधिकृतले आवश्यकतानुसार नापी, नक्सा वा अरू प्रशासकीय जाँचबुझ गरी सरकारी अभिवक्ताको कानूनी राय समेत लिई मुद्दा चलाउने वा नचलाउने निकासाको लागि श्री ५ को सरकार छेउ प्रतिवेदन पठाउनु पर्छ ।

(३) कसैको दर्खास्त नपरे पनि कुनै सम्बन्धित अधिकृत आफैंले उप–दफा (१) मा लेखिएको मुद्दा चलाउनु पर्ने देखेमा उप–दफा (२) अनुसार प्रतिवेदन पठाउन सक्नेछ ।

(४) उप–दफा (२) वा (३) बमोजिम पठाइएको प्रतिवेदनमा श्री ५ को सरकारबाट मुद्दा चलाउने निकासाभई अदालतमा मुद्दा दायर गर्नु पर्दा सरकारी अभिवक्ताद्वारा दायर हुनेछ । त्यस्तो सबै मुद्दामा श्री ५ को सरकार वादी र दर्खास्त गर्ने व्यक्ति वादी पक्षको गवाहको रूपमा रहनेछ ।

(५) यस दफा अनुसार मुद्दा चलाउने वा नचलाउने निकासा दिने अधिकार श्री ५ को सरकारले सम्बन्धित विषयका विभागीय प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४. मूल ऐनको दफा ७ पछि दफा ७ क. थपः– मूल ऐनको दफा ७ पछि देहाय बमोजिमको दफा ७ क. थप गरिएको छः–

७ क. सरोकारवाला व्यक्तिलाई पक्ष कायम गर्नेः– यो ऐन बमोजिम श्री ५ को सरकार वादी भई दायर भएको कुनै मुद्दा अनुसूची १ वा २ भित्र नपर्ने भन्ने

५५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देखिएमा अदालतले आदेश दिई सरोकारवाला व्यक्तिलाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट प्रचलित नेपाल कानून बमोजिम कारवाई किनारा गर्नुपर्छ ।

५. रूपान्तरः— मूल ऐनमा प्रयोग भएको निम्नलिखित शब्दका सट्टा निम्नलिखित शब्द राखिएका छन्ः—

(क) "सिनियर गभर्नमेण्ट एड्भोकेट्" को सट्टा "वरिष्ठ सरकारी अधिवक्ता"
(ख) "गभर्नमेण्ट एड्भोकेट्" को सट्टा "सरकारी अधिवक्ता"
(ग) "गभर्नमेण्ट प्लिडर" को सट्टा "सरकारी अभिवक्ता"
(घ) "पब्लिक प्रोसेक्यूटर" को सट्टा "सरकारी अभियोक्ता"
(ङ) "एडिशनल गभर्नमेण्ट प्लिडर" को सट्टा "अतिरिक्त सरकारी अभिवक्ता"
(च) "एडिशनल पब्लिक प्रोसेक्यूटर" को सट्टा "अतिरिक्त सरकारी अभियोक्ता"
(छ) "असिष्टेण्ट गभर्नमेण्ट प्लिडर" को सट्टा "सहायक सरकारी अभिवक्ता"
(ज) "असिष्टेण्ट पब्लिक प्रोसेक्यूटर" को सट्टा "सहायक सरकारी अभियोक्ता"
(झ) "पुलिस रिपोर्ट" को सट्टा "प्रहरी प्रतिवेदन"

६. मूल ऐनको अनुसूची १ मा संशोधनः— मूल ऐनको अनुसूची १ को सट्टा देहायको अनुसूची १ राखिएको छः—

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१

(१) राजगद्दी वा राजपरिवारको गाथ सम्बन्धी मुद्दा ।
(२) राजकाज सम्बन्धी मुद्दा ।
(३) संघ संस्था नियन्त्रण ऐन अन्तर्गतको मुद्दा ।
(४) मुलुकी ऐन ज्यान सम्बन्धी महलले सजाय हुने मुद्दा ।
(५) जवर जस्ती करणी सम्बन्धी मुद्दा ।
(६) मुलुकी ऐन चोरीको महलले सजाय हुने मुद्दा (जारी चोरी बाहेक) ।
(७) घरमा वा सरकारीया कागजपत्रमा आगो लगाएको मुद्दा ।
(८) गोवध सम्बन्धी वा मुलुकी ऐन चौपायाको महलको ८ नं. मा लेखिएको मुद्दा ।
(९) सरकारी वा अरू सार्वजनिक धन माल नोक्सान वा हिनामिना गरेको मुद्दा ।
(१०) हात हतियार खरखजाना सम्बन्धी मुद्दा ।
(११) मुलुकी ऐन खोटा चलनको महलले सजाय हुने मुद्दा ।
(१२) सरकारी छाप दस्तखत वा सो छाप दस्तखत भएको कागज वा सरकारी काममा कुनै कर्मचारीको छाप दस्तखत भएको कागज किर्ते गरेको मुद्दा ।
(१३) सनातन धर्म बिरूद्ध बिधर्मी मत प्रचार गर्ने कसैको धर्म परिवर्तन गर्ने गराउने वा सो कुराको उद्योग गरेको ।
(१४) जुवा सम्बन्धी मुद्दा ।
(१५) मुलुकी ऐन ज्यू मास्ने बेच्नेको महलले सजाय हुने मुद्दा ।
(१६) मुलुकी ऐन बिहावारीको महलको २ नं. बमोजिमको र अर्को विवाह गरे वापत सोही महलको १० नं. बमोजिम सजाय हुने मुद्दा ।
(१७) हुलाक ऐन, २०१९ ले सजाय हुने मुद्दा ।
(१८) यो ऐन बमोजिम श्री ५ को सरकार वादी हुने भनी श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अरू कुनै फौजदारी अपराध सम्बन्धी मुद्दा ।

लालमोहर सदर मिति २०२४।६।११।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको का. मु. सचिव ।

७६५

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ:–

२०२४ सालको ऐन नं. १७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### राज्य रजौटा ऐन, २०१७ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना:– राज्य रजौटा ऐन, २०१७ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस ऐनको नाम "राज्य रजौटा (दोस्रो संशोधन) ऐन, २०२४" रहेको छ ।

(२) यो ऐन २०२२ साल ज्येष्ठ २६ गतेदेखि प्रारम्भ भएको मानिने छ ।

२. मूल ऐनको दफा ३ मा थप:– मूल ऐनको दफा ३ को उप-दफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ ।

(घ) बझाङ्गी राजा ।

लालमोहर सदर मिति २०२४।६।११।४

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको का. मु. सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२४ सालको ऐन नं. १८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परमनेपालप्रतापभास्कर श्रोजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### जङ्गली जीवजन्तु (संरक्षण) ऐन, २०१५ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– जङ्गली जीवजन्तु (संरक्षण) ऐन, २०१५ (यस पछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम जङ्गली जीवजन्तु (संरक्षण) (दोस्रो संशोधन) ऐन, २०२४ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ को उप-दफा (१) को सट्टा देहाय बमोजिमको उप-दफा (१) राखिएको छः–

(१) दफा ३ उल्लंघन गरी कुनै व्यक्तिले जङ्गली जीवजन्तुको शिकार गरेमा त्यस्ता प्रत्येक व्यक्तिलाई रु. ५०।– पचासदेखि रु. १,०००।– एक हजारसम्म जरिवाना वा १ एक महीनादेखि १ एक बर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर, त्यसरी संरक्षित जङ्गली जीवजन्तुको शिकार गर्ने प्रत्येक व्यक्तिलाई माथि लेखिएको सजायमा थप रू. २,०००।– दुइहजारदेखि रू. २५,०००।– पच्चीस हजारसम्म जरीवाना वा १ एक वर्षदेखि ५ पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

३. मूल ऐनको दफा ६ मा थपः– मूल ऐनको दफा ६ पछि देहाय बमोजिमको दफा ६ क. थपिएको छः–

६ क. मतियारलाई सजाय हुनेः– यो ऐन अन्तर्गत सजाय हुने कसुर गर्न कसैले जानि जानि प्रोत्साहन वा मद्दत गरेमा यस्तो प्रोत्साहन दिने वा मद्दत गर्ने मतियारलाई सो कसुरदारलाई हुने सजायको आधि सजाय हुनेछ ।

तर गैंडाको खाग (सिंग) कसुरदारसंग खरीद बिक्री गर्ने सो गर्न काम कुरा मिलाई दिने वा गैंडा सम्बन्धी अन्य कसुरको मतियारलाई भने कसूरदारलाई हुने सजाय सरह नै सजाय हुनेछ ।

लालमोहर सदर मिति २०२४।६।११।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको का. मु. सचिव ।

—

५६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२४ सालको ऐन नं. १९

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

सर्वोच्च अदालत ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– सर्वोच्च अदालत ऐन, २०१९ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "सर्वोच्च अदालत (दोस्रो संशोधन) ऐन, २०२४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ को सट्टा निम्नलिखित दफा ६ राखिएको छः–

६. सर्वोच्च अदालत र मातहतको अदालतको अवहेलनाः– (१) सर्वोच्च अदालत अभिलेख अदालत (कोर्ट अफ् रेकर्ड) हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सर्वोच्च अदालतले आफ्नो वा आफ्ना मातहतका अदालतको अवहेलनामा कारवाई चलाउन सक्छ र अदालतको अवहेलना ठहराएमा सर्वोच्च अदालतले १ वर्षसम्म कैद वा रु. २,०००।-- दुइहजारसम्म जरिवाना वा दुबै सजाय गर्न सक्नेछ ।

तर, सर्वोच्च अदालतलाई सन्तोष हुने गरी अभियुक्तले क्षमा याचना गरेमा निजलाई अदालतले रिहाई दिने वा सजाय तोकिसकेको भए सो सजाय माफ गर्न वा घटाउन सक्नेछ ।

लालमोहर सदर मिति २०२४।६।११।४

आज्ञाले-
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको का. मु. सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

२०२४ सालको ऐन नं. २०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परमनेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

नेपाल निजामती सेवा ऐन, २०१३ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– निजामती सेवामा कार्यक्षमतालाई अझ बढी प्रोत्साहन दिने व्यवस्था गर्न नेपाल निजामती सेवा ऐन, २०१३ (यसपछि मूल ऐन भनिएको) मा संशोधन गर्न आवश्यक भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र विस्तारः– (१) यस ऐनको नाम "नेपाल निजामती सेवा (दोस्रो संशोधन) ऐन, २०२४" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ८ मा संशोधनः– मूल ऐनको दफा ८ को उप-दफा (२) को सट्टा निम्नलिखित उप-दफा (२) राखिएको छः–

५६२

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा ७ अन्तर्गत बनेका नियमहरू बमोजिम माथिल्लो पदमा नियुक्त हुनको निमित्त योग्य भएका उपयुक्त सेवा वा श्रेणीका निजामती कर्मचारीहरू मध्ये कार्यक्षमताको आधारमा प्रमोशन दिइनेछ।

तर समान रूपमा योग्य देखिएका निजामती कर्मचारीहरूको हकमा नोकरीको जेष्ठताको आधारमा प्रमोशन दिइनेछ।

३. खारेजी:– मूल ऐनको दफा ८ को उप-दफा (३) खारेज गरिएको छ।

लालमोहर सदर मिति २०२४।६।११।४

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको का. मु. सचिव।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२४ सालको ऐन नं. २१

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### राहदानी सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– विदेश यात्रामा जाने नेपाली नागरिकलाई जारी गरिने राहदानीका सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "राहदानी ऐन, २०२४" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ र जहांसुकै रहे बसेको भए तापनि नेपाली नागरिकहरूलाई लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– यस ऐनमा "राहदानी" भन्नाले विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई त्यस्तो भ्रमण गर्न अनुमति प्रदान गरी त्यस्तो भ्रमणमा जाने देशहरू तथा समय तोकी श्री ५ को सरकारबाट दिइने लिखत सम्झनु पर्छ । ५६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. <u>राहदानी लिनुपर्नेः–</u> विदेश यात्रामा जांदा नेपाली नागरिकले आफ्नो नाममा जारी भई बहाल रहेको राहदानी लिएर मात्र जान सक्नेछ ।

तर, श्री ५ को सरकार र कुनै विदेशी सरकारको बीच भएको सन्धि सम्झौतानुसार कुनै देशमा जान नेपाली नागरिकलाई राहदानी लिनु नपर्ने व्यवस्था भएमा त्यस्तो देशको भ्रमण निमित्त राहदानी लिनु पर्नेछैन ।

४. <u>राहदानी जारी गर्ने अधिकारः–</u> श्री ५ को सरकारले वा श्री ५ को सरकारको तर्फबाट अधिकार प्राप्त भएका विदेशस्थित शाही नेपाली राजदूतावास वा अन्य नियोगले मात्र राहदानी जारी गर्न सक्नेछ ।

तर–

(१) राहदानी जारी गर्ने अधिकारीले कुनै कारण देखाई वा नदेखाई कुनै व्यक्तिलाई राहदानी दिन अस्वीकार गर्न सक्नेछ ।

(२) श्री ५ को सरकारले कुनै कारण देखाई वा नदेखाई कुनै समय पनि जारी भइसकेको राहदानीलाई खिच्न वा रद्द गर्न सक्नेछ, र

(३) राहदानी बमोजिम विदेश भ्रमण गरिरहेका व्यक्ति जहांसुकै मै रहे बसेको भए तापनि तत्सम्बन्धमा श्री ५ को सरकारले दिएको आदेश वा निर्देश पालन गर्नु निजको कर्तव्य हुनेछ ।

५. <u>दण्ड सजायः–</u> कसैले झुट्टा बयान वा विवरणदिइ राहदानी प्राप्त गरेमा वा प्राप्त गर्न प्रयत्न गरेमा वा दफा ३ को विपरित विदेशको भ्रमण गरेमा वा गर्ने प्रयत्न गरेमा वा श्री ५ को सरकारले दिएको आदेश वा निर्देशनको पालन नगरेमा वा जुन उद्देश्यको लागि राहदानी जारी गरिएको हो सो बाहेक अन्य उद्देश्यको लागि राहदानीको प्रयोग गरेमा वा आफ्नो नाउँको राहदानी अरूलाई प्रयोग गर्न दिएमा वा अर्काको नाउँको राहदानी प्रयोग गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बखिलाप अन्य कुनै काम कारवाई गरेमा निजलाई एक वर्षसम्म कैद वा पांचसय रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ ।

६. <u>श्री ५ को सरकार बादी हुनेः–</u> (१) दफा ५ अन्तर्गत दण्ड सजाय हुने कसूरको अभियोगमा चलाईने मुद्दा श्री ५ को सरकार बादी हुनेछ र त्यस्तो मुद्दा अदालतमा घटीमा इन्सपेक्टर दर्जाको प्रहरीबाट दायर हुनेछ ।

(२) कसैले दफा (५) अन्तर्गत सजाय हुने अपराध गरेकोछ वा गर्ने उद्योग गरेकोछ भन्ने शङ्का गर्नुपर्ने मनासिव माफिकको कारण भएमा जुनसुकै प्रहरीले त्यस्ता व्यक्तिलाई बिना वारण्ट गिरफतार गरी कारवाईका लागि आफ्नो अधिकारीमा घटीमा इन्सपेक्टर दर्जाको प्रहरी समक्ष पेश गर्नेछ । 767

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. नियम बनाउने अधिकार:– (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

(२) उप-दफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी ती नियमहरूमा खास गरेर देहायका विषयमा व्यवस्था गर्न सकिने छ :–

(क) विभिन्न कामको लागि जारी गरिने राहदानीको वर्गीकरण तथा राहदानी सम्बन्धी शर्तहरू,

(ख) राहदानी वापत लाग्ने दस्तूर,

(ग) राहदानीको नविकरण, र तत्सम्बन्धी दस्तूर,

(घ) अन्य आवश्यक कुराहरू ।

लालमोहर सदर मिति २०२४।६।११।४

आज्ञाले–
चूडामणिराजसिंह मल्ल
श्री ५ को सरकारको का. मु. सचिव

५८५

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।